संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी

राष्ट्रिय दैनिक

खबर

माझखर्क साप्ताहिकको सह-प्रकाशन

**गाडि रिर्जभ चाहिएमा**



डाईभर नन्दु चौधरी मो.न.९८४२९९०५४
९८५२८३७५८२

■ बर्ष-१५, ▸▸ अंक ३४७ ▸▸ असार २२ मंगलबार,२०७८, July– 6 Tuesday 2021, यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▸▸ मूल्य रु. ५/- www.majhkharka.com

## गाईघाट बजार अस्तब्यस्त

# बजारलाई ब्यवस्थापन गर्दै वडाअध्यक्ष बिश्वराज भट्टराई

❖ बुद्धि कुमार राई

*त्रियुगा(गाईघाट),असार २१*



उदयपुर जिल्लाको सदरमुकाम गाईघाट लोकतान्त्रिक पिपलचोकमा रहेको सिटीहल । सिटिहल लामो समयदेखि प्रयोगविहिन भएको छ। तस्बिर - बुद्धि कुमार राई



उदयपुर जिल्लाको सदरमुकाम गाईघाटर रहेको त्रियुगा नगरपालिकाको वडा नम्बर ११ गाईघाट बजार अहिले अस्तब्यस्त रहेको छ ।

गाईघाट बजार उदयपुर जिल्लाको मुटु जस्तै भएकाले यस आर्थिक आर्थिक वर्षमा वडा नम्बर ११लाई शुन्दर,आकर्षण बनाउनको लागी मुख्य चोकमा ट्राफिक बत्ती राख्ने भएको छ । गाईघाटको मुख्यचोकदेखि बैङ्कलाईन बिधुत मार्गको चोकदेखि आखाँ अस्पतालसम्म,मुख्यचोकदेखि त्रियुगा पुलसम्म बजारलाई सुन्दर बनाउनको लागि अहिले काम धमाधम भईरहेको छ ।

मदन भण्डारी लोकमार्गको को मुख्य चोकमा १५ फिट अग्लो र २ फिट चौडाईको ट्राफिक लाईट राखिने भएको हो । त्रियुगा नगरपालिका ११ का वडाअध्यक्ष बिश्वराज भट्टराईका अनुसार सडकमा हिड्दाहिड्दै पपरैबाट हेर्दा राम्रो र आर्कषण देखिने सानो आकारको चोक बनाउन लागिरहेको उनले बताए । गाईघाटको मुख्य चोकमा राम्रो चोक बनाउन बिभिन्न सरोकार निकायका ब्यक्तिहरुसँग सल्लाह लिईरहेको बताए। अहिलले त्रियुगा नगरपालिका र वडा नम्बर ११ को वडा कार्यालयले बिभिन्न सञ्चार माध्यमहरुमा सुचना प्रकाशन गरेर सल्लाह लिईरहेको छ। मदन भण्डारी लोकमार्गको मुख्य चोकमा ठुलो योजना नभई सानो र आकर्षक चोक बनाउन खोजिएकाले वडा अध्यक्ष भटटराईले सरोकारवालहरुसंग ; /; Nhfx - *बाँकी २ पेजमा*

# आकर्षक घर बिक्रिमा



उदयपुर जिल्लाको सदरमुकाम गाईघाट बजार, संगमटोल, प्याराडाईज बोडिङ जाने सडकको मुख्य रोडदेखि साठी ६० मिटर भित्र रहेको अढाई तले आकर्षक ब्यापारिक घर बिक्रिमा ।
घरको आकर्षणहरु - भुँई तलामा २ वटा सटर, २ वटा कोठा, ट्वाईलेट बाथरुम, भर्याङ, पार्किङ भएको, माथिल्लो तलामा ३ वटा कोठा र कार्यक्रमहल अन्तिम तलामा दुई वटा कोठा र किचेन रुम भएको, बगैचा भएको, आफु बस्नको लागि बनाएको घर सुबिधि सम्पन्न र नयाँ मापद्धन्द अनुसार पुर्वाधार भएको घर ईच्छुक ब्याक्तिले सम्पर्क गर्नुहोला ।
सम्पर्क - ९८४२८३७१७४/९८०३४८८९९३

# भिमरैता हस्पिटलको सेवा गाईघाटमा

हस्पिटल प्रमुख डाक्टर निर्मला चौधरीको कमाण्डमा २४ सै घण्टा सेवा दिईनेछ ।




स्थान. गाईघाट असरी रोड । सम्पर्क.९८१६७४५६१७

हाम्रा सेवाहरु-
१, डा. निर्मला चौधरी (MBBS)
२, डा.राम नारायण चौधरी( बालरोग बिशेषज्ञ)
३, डा.मनोज चौधरी(छाला रोग बिशेषज्ञ)
४, डा. सरोजकुमार साह(हार्डजोर्नी तथा नशा रोग बिशेषज्ञ)
५, डा. साधना साह( स्त्री रोग बिशेषज्ञ)
६, डा.रबिन्द्र चौधरी( वरिष्ठ फिजिसियन
७, डा. बलेश्वर यादव( नाँक,कान,घाँटी रोग बिशेषज्ञ)
६, डा. सुवास कुमारचौधरी( MBBS) युरोसर्जन

# जिल्ला अस्पताललाई स्वास्थ्य सामाग्री सहयोग

❖ मुलुकी संवाददाता

*गाईघाट, असार २१*

अन्तराष्ट्रिय नेपाली समाज (इन्स)ले उदयपुर जिल्ला अस्पताललाई १ थान अक्सिजन कन्सनट्रेटर वितरण प्रदान गरेका छ ।





बैदेशिक रोजगारमा विभिन्न देशमा रहेका नेपालीहरुको सहयोगमा जहिल्यै पनि नेपालका लागि, जहाँ पनि नेपालीका लागि भन्ने नारा संगै इन्सले सोमबार १ थान अक्सिजन कन्सनट्रेटर हस्तान्तरण गरेको अन्तराष्ट्रिय नेपाली समाज (इन्स)का उपाध्यक्ष झलक बुढाथोकीले जानकारी दिए । कार्यक्रमका प्रमुख अतिथी नेपाल पत्रकार महासंघ उदयपुरका पूर्व अध्यक्ष तथा वरिष्ठ पत्रकार महेश्वर चामलिङले सो स्वास्थ्य सामाग्री पदान गरेका हुन् । कोभिडले आक्रान्त परेर जीवनस्तर नै प्रभावित पारेको अवस्थामा विभिन्न चरणमा स्वास्थ्य सामाग्री हस्तान्तरण गर्ने कार्यक्रम अन्तर्गत सोमबार उदयपुर जिल्ला अस्पतालमा स्वास्थ्य सामाग्री हस्तान्तरण गर्न आइपुगेको अन्तराष्ट्रिय नेपाली समाज (इन्स)का महिला उपाध्यक्ष नजबुल खान (निलम) ले जानकारी दिईन् । । अहिलेको महामारीको अवस्थामा अस्पतालका विरामीलाई उपचारमा सहयोग पुगोस भनेर उद्देश्यले स्वास्थ्य सामाग्री वितरण गरेको उनले बताईन। केही दिन अगाडी मात्र इन्सले उदयपुरको लिम्चुङबुङ गाउँपालिकाको आइसोलेसन सेन्टरमा ५५ हजार बराबरको स्वास्थ्य सामग्री बितरण गरेको थियो । देशको ७ वटै प्रदेशमा आवश्यक्ता अनुरुप इन्सले स्वास्थ्य सामाग्री, खानाको लागि चामल वितरण गर्दै आएको आभास राष्ट्रिय संयोजक तथा इन्सका महिला उपाध्यक्ष नजबुल खान (निलम)जानाकारी दिईन् । ।अक्सिजन कन्सनट्रेटर ग्रहण गर्दै अस्पतालका मे.सु. डा. जिवनारायण मण्डलले यस्तो महामारीमा सबैबाट एक अर्कालाई सहयोग हुन जरुरी छ र सहयोगी सँस्था इन्सलाई पनि धेरै धेरै धन्यावद गरिन ।

गाडि रिर्जभ चाहिएमा



डाईभर नन्दु चौधरी मो.न.९८४२९९०५४, ९८५२८३०५८२









त्रिनपा – ११ गाईघाट, उदयपुर, असारीरोड, लालिगुराक बोडिङदेखि पुर्व काका होटलसंगै जोडिएको। प्रोपाइटरः–**बिनोदकुमार पाण्डे** सम्पर्कः– ९८५२८३०५८२ *यहा स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु होलसेल मुल्यमा पाईन्छ।*

सस्तोमा गिफ्टका सामान र गडीया

**खुवालुङ गुडीया सप्लायस**



त्रियुगा नगरपालिका ११ गाईघाट, असारी रोड । प्रोपाईटर : एनुका राई *सम्पर्क :- ९८१५७७१०५२*

यहाँ बिभिन्न किसिमका गुडीया तथा उपहारका सामग्री (गिफ्ट) सुपथ मूल्यमा पाईन्छ । साथै गुडीया बनाउने तालिम, प्रशिक्षण पनि दिइन्छ ।



प्रोपाइटर - कैलाश चामलिङ राई । सम्पर्क - ९८६२८३४६५६ ९८४२९८३५१०








एस एण्ड एस सप्लायर्स

त्रिनपा - १० बोक्से यलम्बरटोल । यहाँ सम्पूर्ण किसिमका किराना तथा दैनिक उपभोग्य खाद्यान्न समाग्रीहरु सुपथ मूल्यमा पाईन्छ । साथै राँगा,बंगुर र ब्रोईलर कुखुराको मासु पनि उपलब्ध छ ।

प्रो. जिना राई ,सम्पर्क नं. ९८४२८५५५४७/९८०५९६०९२२

# युरोकपको क्वाटरफाइनल हेर्दा

❖ बिबेक राई

*गाईघाट, असार २१*

१६ औं यूरोपियन फुटबल च्याम्पियनसिप ( यूरोकप) को क्वाटरफाइनलका सबै खेलहरु सकिएर सेमिफाइनल पुग्ने चारै टोलीको टुंगो लागिसकेको छ । सेमिफाइनलमा ईटाली, स्पेन, इंग्ल्याण्ड र डेनमार्कले स्थान बनाए । तर यूरोकपको क्वाटरफाइनल हेर्दा हरेक टोली एकसेएक देखिए । पराजित भएर बिदाई भइसकेका टोलीपनि बलियो चुनौती पेश गरेका थिए । क्वाटरफाइनलमा जीतहात पारेर सेमिफाइनल आइपुगेका चारै टोली अप्रत्याशित छन् । कुनैपनि टोलीले फाइनलमा उपाधि जित्न सक्ने क्षमता राख्छन् ।

सबैभन्दा अचम्मको कुरा त प्रतिष्ठित टोलीहरु अर्थात टाइटल होल्डर टोलीहरु नै क्वाटरफाइनलभन्दा अघि बढ्न सकेनन् । फिफा वरियताको शिर्ष स्थानमा रहेको अर्थात हालको विश्व नम्बर एक बेल्जीयम, २०१८ को वर्ल्डकप विजेता अर्थात हालको लागि विश्व च्याम्पियन फ्रान्स, चर्चित खेलाडी क्रिश्चियानो रोनाल्डोको कप्तानीमा रहेको एवम् यूरोकपको गत संस्करणको विजेता पोर्चुगल, यूरोकपकै कुरा गर्दा स्पेनसँग सर्वाधिक समान तीन पटकको च्याम्पियन जर्मनीजस्ता टोलीको यात्रा धेरै अघि बढ्नु सकेन ।

यसमध्ये बेल्जीयमले धन्न क्वाटरफाइनलसम्मको यात्रा गर्न सफल भयो । बाँकी रहेका पोर्चुगल, जर्मनी, फ्रान्सले त क्वाटरफाइनल पनि टेक्नु पाएन । बरु शानसँग समुह चरणबाट समुह विजेताको हैसियतमा आएका टोलीहरुलाई नकआउट चरणमा समुह उपविजेता अनि समुहमा तेस्रो स्थान हाँसिल गरेर मुस्किलले उत्कृष्ट तेस्रो हुने टोलीको कोटामा पर्दै आएका टोलीहरुले धुलो चटाए । त्यसमध्ये एक उत्कृष्ट उदाहरण हो डेनमार्क । डेनमार्कको समुह चरणमा खासै राम्रो प्रदर्शन रहेन ।

समुह बी मा डेनमार्कले समुहमा खेल्नुपर्ने तीनमध्ये दुईमा त हार व्योहोरेको थियो । पहिलो खेलमा आफ्ना प्रमुख खेलाडी क्रिस्टीयन एरिकसान फिनल्याण्डविरुद्धको खेल चलिरहँदा मैदानमा ढल्नु र उनलाई अस्पतालमा लानुपरेपछि नै अभागि देखिएको थियो । उनलाई हृदयघात भएको, समयमा अस्पताल लगिएकोले मात्र बचाउन सकिएको र अझ पछि डाक्टरले उनको खेलजीवन अव लगभग समाप्त भइसकेको बताएपछि डेनमार्क पक्का अभागि देखियो ।

डेनमार्कका लागि एरिकसन अहिलेको टोलीमा सबैभन्दा महत्वपूर्ण खेलाडी थिए । अहिलेको वर्तमान टोलीमा सबैभन्दा बढि ३६ गोलसहित उनी अन्य खेलाडीभन्दा धेरैले अघि छन् । त्यसमाथि कप्तान सिमोन जेयरभन्दा बढि क्याप जितेका खेलाडी थिए । उनको नाममा १०९ क्याप छ । त्यसपछि उनले बाँकी खेलहरु गुमाए । तर कप्तान जेयरले बाँकी खेलहरु खेल्न पाए र अहिले कप्तान जेयरले डेनमार्कको लागि ११२ खेल खेलेको रेकर्ड छ । यदि उनी बिरामी भएर नढलेको भए र बाँकी खेलहरु खेल्न पाएको भए डेनमार्कका लागि वर्तमान टोलीमा टिम कप्तानभन्दा बढि क्याप जित्ने रेकर्ड उनकै नाममा हुन सक्थ्यो ।

फिनल्याण्डविरुद्धको उक्त खेल एरिकसन ढलेपछि र अस्पताल लानुपरेपछि डेढ घण्टाजति रोकिएको थियो । पछि डेनमार्कले खेल निरन्तरता दिने सहमति जनायो तर पेनाल्टीमा गोल गर्न नसक्दा फिनल्याण्डसँग १-० ले पराजित भएको थियो । समुहको दोस्रो खेलमा बेल्जीयमसँग २-१ ले हारेको डेनमार्कले आफ्ना खेलाडी एरिकसन निको भएको खबर पाएपछि जित्नैपर्ने दबाब भएको अन्तिम खेलमा जितेर नै छाड्यो । अन्तिम खेलमा रुसलाई ४-१ ले हराउनु र समुहका बाँकी खेलको नतिजापनि आफू अनुकुल आएपछि डेनमार्क उपविजेता बन्दै समुह चरण पार गर्न सफल भयो ।

जारी प्रतियोगितामा एक खेलमात्र जितेर समुह उपविजेताको हैसियतमा समुह चरण पार गर्ने डेनमार्क एकमात्र टोली हो । समुह चरण पार गरेर नकआउट चरण आएयता डेनमार्कले लगालग खेल जित्दै सेमिफाइनलसम्म आइपुग्न सफल भयो । १९९२ पछि अर्थात २९ वर्षपछि डेनमार्क यूरोकपको सेमिफाइनल प्रवेश गरेको हो । प्रि-क्वाटरफाइनलमा वेल्सलाई ४-० ले स्तब्ध पारेको डेनमार्कले क्वाटरफाइनलमा चेक रिपब्लिकलाई २-१ ले हराउँदै सेमिफाइनल आइपुगेको हो ।

सोही दिन डेनमार्क विजयी भएपछि युक्रेनलाई ४-० ले सहजै पन्छाउँदै इंग्ल्याण्ड पनि सेमिफाइनल पुग्ने अन्तिम चौथो टोली बनेको थियो । ईटाली र स्पेन भने एकदिनअघि नै सेमिफाइनल पुगिसकेका थिए । क्वाटरफाइनलको पहिलो दिन स्पेनलाई जीत निकाल्न निकै नै हम्मे परेको थियो । स्वीजरल्याण्डविरुद्ध आत्मघाती गोल मद्दतमा अग्रता लिएपनि पछि स्वीजरल्याण्डले एक गोल फर्काएको थियो । त्यसपछि थप गरिएको अतिरिक्त ३० मिनेटसम्म पनि १-१ कै बराबरी भएपछि टाइब्रेकरमा ३-१ को जीत हातपार्दै स्पेन सेमिफाइनल आइपुग्यो । ईटाली भने क्वाटरफाइनलमा बेल्जीयमलाई २-१ ले हराउन सफल भएपछि सेमिफाइनल आएको हो ।





प्रोपाईटर - अगम चामलिङ राई, ९८०७७६४३४३
गाईघाट, उदयपुरको सबै भन्दा पुरानो सेकुवा कर्नर। स्थान- गाईघाट मेनचोक, एनएमबी बैङ्क बिशालबजार अगाडी । यहाँ खाने,बस्ने राम्रो व्यवस्था छ।

नारायणी ग्याँस

गाईघाट, डिलर, उदयपुर






नारायणी ग्याँस

गाईघाट, डिलर, उदयपुर

बिक्रेता - अर्जुन तिम्सिना
सम्पर्क मो. - ९८१९३३२३३२
स्थान - गाईघाट, उदयपुर, पूर्णपुष्टि मिडिया हाउसको पुर्वपटी रहेको मन्दिर को पुलको दक्षिण ।





माझखर्क साप्ताहिकको सह-प्रकाशन मुलुकी दैनिक

प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई (बुद्धि चामलिङ राई)
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय – त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोनः– ०३५-४२०३९४/९८५२८३५८८८
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट